नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कालीकोट

फोन नं. ०८७ - ४४०१६२
Email : dao.kalikot@gmail.com
daokalikot@moha.gov.np

प.स.२०८२/०८३
च.नं.

मिति:२०८३/०१/१४
ने.सं. ११४६

## अत्यन्त जरुरी सूचना।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ गतेको बैठकको शासकीय सुधार कार्यसूचीको बुँदा नं. ९२ अनुसार सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गर्ने, निगरानी प्रणाली सुदृढ गर्ने तथा अवैध कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गर्ने। नयाँ अतिक्रमणमा कडाइका साथ रोक लगाउने र अवैध कब्जा हटाउने विशेष अभियान सञ्चालन गर्ने। नेपाल बाल संगठन सम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोग (हरिबाबु आयोग) को प्रतिवेदन बमोजिम बाल संगठनको जग्गा अतिक्रमण तथा हिनामिना सम्बन्धी अनुसन्धान १५ दिनभित्र सुरु गर्ने निर्णय भएको साथै स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९ को उपदफा ६(क) मा सरकारी जग्गा सार्वजनिक जग्गा वा सामुदायिक जग्गामा आफ्नो हत कायम नभै कसैले घर बनाउन नहुने र त्यसो गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई घर बनाउन रोक्का गर्ने आदेश दिन सक्ने लगायतको व्यवस्था रहेको छ। सोही ऐनको दफा १० (क) मा सार्वजनिक सम्पत्तिको अभिलेख राख्ने विषयमा समेत प्रमुख जिल्ला अधिकारीको भूमिकालाई स्पष्ट गरेको छ।

यसै सन्दर्भमा यस जिल्ला भित्र कोही कसैले सार्वजनिक जग्गा, सामुदायिक जग्गामा आफ्नो हक कायम नभई घर टहरा बनाई अतिक्रमण गरेको भएमा वा बाल संगठनको जग्गा अतिक्रमण तथा हिनामिना गरेको भएमा स्वयम् आफैले घर टहरा हटाई सार्वजनिक, सामुदायिक जग्गा संरक्षण गर्ने कार्यमा सहयोग गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै कोही कसैले सार्वजनिक जग्गा, सामुदायिक जग्गामा आफ्नो हक कायम नभै घर टहरा बनाई अतिक्रमण गरेको भएमा वा वाल संगठनको जग्गा अतिक्रमण तथा हिनामिना गरेको पाइएमा आवश्यक प्रमाण सहित यस कार्यालयमा निवेदन दिनहुन सबै सरोकारवालाहरुमा अनुरोध छ।

२०८३/०१/१४
सहायक प्रमुख जिल्ला अधिकारी